# कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८२

*(प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को दफा २९क कार्यान्वयन प्रयोजनको लागि तयार गरिएको)*

१. मापदण्डको कार्यक्षेत्रः उद्योगमा वस्तु उत्पादन गर्दा खपत हुने कच्चा पदार्थ र कच्चा पदार्थको खेर जाने मात्रा (जर्ति) कायम गर्ने ।

२. नर्म्स निर्धारण तथा पुनरावलोकनका आधारहरूः

क) पेश भएका कागजात (अनुसूची १ बमोजिम)

ख) समितिको उद्योग निरीक्षण तथा विश्लेषण प्रतिवेदन

ग) सन्दर्भ सामाग्री तथा सम्बन्धित निकायका प्रकाशित सामग्रीहरूको अध्ययनबाट समितिले निकालेको निष्कर्ष ।

३. कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन सिफारिस समितिः

क) महाशाखा प्रमुख – उद्योग हेर्ने महाशाखा, उद्योग, कृषि तथा सहकारी मन्त्रालय – संयोजक

ख) मेकानिकल इञ्जिनियर/केमिकल इञ्जिनियर/औद्योगिक इञ्जिनियर लगायतका विषय विज्ञ – सदस्य

ग) उद्योग, कृषि तथा सहकारी मन्त्रालयका उद्योग वाणिज्य शाखासँग सम्बन्धित अधिकृतस्तर कर्मचारी - सदस्य

घ) उद्योग शाखा प्रमुख - सदस्य सचिव

४. नर्म्स निर्धारण तथा पुनरावलोकनको लागि प्रक्रिया

क) पेश भएका कागजातको जाँचबुझ तथा अध्ययन गर्ने

ख) समितिका सदस्यहरूबाट उद्योगको स्थलगत अनुगमन तथा निरीक्षण गर्ने

ग) कच्चा पदार्थको गुणस्तर, उत्पादन प्रक्रियामा प्रयोग हुने प्रविधि, उत्पादित वस्तुको गुण आदिको विश्लेषण गर्ने

घ) आवश्यकतानुसार सन्दर्भ सामग्री तथा अन्य निकायहरूबाट प्रकाशित सामाग्रीको अध्ययन गर्ने,

ङ) माथि (क), (ख), (ग) र (घ) का आधारमा समितिले प्रतिवेदन तयार गर्ने ।

च) प्रतिवेदन सहित समितिले गरेको सिफारिसका आधारमा सम्बन्धित शाखा/महाशाखाले नर्म्स स्वीकृतिकालागि सचिव समक्षप पेश गर्ने ।

छ) सचिवबाट निर्णय भएपछि सम्बन्धित उद्योगलाइ जानकारी दिने ।

मा. खगेनसिं हाङगाम

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

५. विविध व्यवस्थाः

क) उद्योगबाट एक वर्ष भन्दा कम अवधिको उत्पादन तथा कच्चा पदार्थको विवरण मात्र उपलब्ध भएमा, उत्पादन प्रक्रिया र उत्पादन परिमाणमा एकरूपता नदेखिएमा, सन्दर्भ सामाग्रीको अभावमा तथ्याङ्कीय विश्लेषण गर्न नसकिएमा अस्थायी कच्चा पदार्थ खपत नर्म्स निर्धारण गरिनेछ ।

ख) अस्थायी कच्चा पदार्थ खपत नर्म्स निर्धारण भएको दुइ वर्षसम्म कायम रहनेछ । उद्योगको माग भएमा एक वर्षको लागि म्याद थप गर्न सकिनेछ ।

ग) उत्पादन पक्रिया र कच्चा पदार्थमा सारभूत रूपमा फरक नपरेसम्म एक वर्ष भित्र निर्धारित्त नर्म्स हेरफेर गरिने छैन ।

घ) कच्चा पदार्थ खपत नर्म्स निर्धारण गर्दा आवश्यकतानुसार शर्त तोक्न सकिनेछ ।

ङ) निर्धारित नर्म्स पालना नभएको पाइएमा मन्त्रालयले जुनसुकै बखत खारेज वा पुनरावलोकन गर्न सक्नेछ ।

च) सिफारिस समितिको कम्तिमा ३ जना सदस्यको उपस्थितिमा मात्र नर्म्स निर्धारण सिफारिस गर्न सकिनेछ ।

छ) सिफारिस समितिमा आवश्यकतानुसार विषय विज्ञहरू आमन्त्रित गर्न सकिनेछ ।

मा. खगेनसिं हाङगाम
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

# अनुसूची १

## पेश गर्नुपर्ने कागजातहरू

क) कच्चा पदार्थ खपत नर्म्स निर्धारणको लागि सम्बन्धित उद्योगले पेश गर्नुपर्ने कागजातहरू

१. अनुसूची २ बमोजिमको आवेदन

२. अनुसूची २ बमोजिमको विवरण

३. उद्देश्य र वार्षिक उत्पादन क्षमता खुल्ने उद्योग दर्ता प्रमाणपत्रको छायाँप्रति,

४. कच्चा पदार्थको गुणस्तर र उत्पादन प्रक्रियाको प्रविधि सहितको विवरण

५. पछिल्लो दुइ आर्थिक वर्षको उत्पादन र कच्चा पदार्थ खपत विवरण

६. पछिल्लो दुइ आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन करचुक्ता प्रमाणपत्रको छायाँप्रति

७. कच्चा पदार्थ खरिद तथा आयात प्रमाणपत्रको छायाँप्रति

ख) कच्चा पदार्थ खपत नर्म्स/अस्थायी कच्चा पदार्थ खपत नर्म्स पुनरावलोकनको लागि उद्योगले पेश गर्नुपर्ने कागजातहरू

१. यस अघि कायम भएको नर्म्स सम्बन्धी मन्त्रालयको पत्रको छायाँप्रति

२. अनुसूची २ बमोजिमको आवेदन

३. अनुसूची ३ बमोजिमको विवरण

४. कच्चा.पदार्थको गुणस्तर र उत्पादन प्रक्रियाको प्रविधि सहितको विवरण

५. पछिल्लो दुइ आर्थिक वर्षको उत्पादन र कच्चा पदार्थ खपत विवरण

६. पछिल्लो दुइ आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन करचुक्ता प्रमाणपत्रको छायाँप्रति

७. कच्चा पदार्थ खरिद तथा आयात प्रमाणपत्रको छायाँप्रति

मा. खगेनसिं हाङगाम
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

## अनुसूची २

## आवेदनको ढाँचा

मितिः

श्रीमान् सचिवज्यू

उद्योग, कृषि तथा सहकारी मन्त्रालय,

विराटनगर, कोशी प्रदेश ।

विषयः कच्चा पदार्थ खपत नर्म्स निर्धारण/पुनरावलोकन बारे ।

........................... स्थित .............................. उद्योगको निम्न लिखित उत्पादनमा लाग्ने कच्चा पदार्थ खपत नर्म्स ....................................................... प्रयोजनका लागि निर्धारण गरिदिनुहुन अनुरोध छ ।

| सि.नं. | उत्पादन |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |

नोटः पुनरावलोकन गर्नुपर्नेको हकमा, पुनरावलोकन गर्नुपर्नाको औचित्य उल्लेख गर्ने ।

<u>आवेदक</u>

दस्तखतः

नामः

सम्पर्कः

मा. खगेनसिं हाङगाम
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

## अनुसूची ३

## कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन सम्बन्धी विवरणको ढाँचा

१. उद्योगको नाम र ठेगानाः

२. उद्योग दर्ता नं. र उद्योग दर्ताको भएको निकायः

३. उद्योगको स्वीकृत उद्देश्य र वार्षिक उत्पादन क्षमताः

| क्र.सं. | उत्पादन हुने वस्तुको नाम | वार्षिक उत्पादन क्षमता | एकाइ |
|---|---|---|---|
| | | | |
| | | | |

४. कच्चा पदार्थ खपत नर्म्स निर्धारणका लागि माग गरेको उत्पादनको नामः

५. उत्पादन प्रक्रिया चार्टः

६. कच्चा पदार्थ खपत विवरण (प्रति एकाइ उत्पादनका लागि)

| क्र.सं. | कच्चा पदार्थको नाम | खपत परिमाण | एकाइ |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

७. खेर जाने वस्तुको विवरण

| क्र.सं. | उत्पादन प्रक्रियाको तह | खेर जाने वस्तुको प्रकार | | |
|---|---|---|---|---|
| | | परिमाण | एकाइ | व्यवस्थापन तरिका |
| | | | | |
| | | | | |

८. मुख्य मेशिन उपकरणहरूको विवरणः

| क्र.सं. | मेशिनको नाम | संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |

माथि दिइएको विवरण साँचो हो, फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

उद्योगको सम्पर्क व्यक्तिको नाम, मोबाइल नं. र दस्तखतः

उद्योगको आधिकारिक छापः

मा. खगेनसिं हाङगाम
मन्त्री